गोदावरी नगरपालिका
# कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली, नेपाल

प.सं. : २०८३।८४

चि.नं. :

मिति:२०८३।०५।१६

**विषय: विशेषज्ञको सूची अद्यावधिक सम्बन्धमा।**

शिक्षा नियामवली, २०५९ (संशोधन सहित) को नियम ९६ क. बमोजिम सामुदायिक विद्यालयमा प्रधानाध्यापक तथा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न शिक्षक समिति गठन गर्ने प्रयोजन तथा शिक्षकको निरन्तर पेसागत सहयोगमा सहजीकरण, मेन्टरिङ्ग लगायतका शैक्षिक काम तथा परामर्शका लागि विशेषज्ञको सूची अद्यावधिक गराउनुपर्ने भएकोले यस सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८३/५/३०) भित्र इच्छुक योग्यता पुगेका व्यक्तिहरुले आवश्यक कागजात सहित विशेषज्ञको सूची अद्यावधिकका लागि यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्न हुन अनुरोध छ। साथै कम्प्युटर इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग, पशुपालन, बाली विज्ञान विषयमा स्नातक वा स्नातकोत्तर गरेका व्यक्तिहरुबाट यस नगरपालिकाले लिने विशेषज्ञ सेवाका लागि समेत नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता, तालिम र अनुभवको कागजातहरुको प्रतिलिपि सहितको निवेदन पेश गर्न हुन समेत अनुरोध छ।

**<u>तपसिल</u>**

| क्र.सं. | तह | योग्यता | कागजात |
|---|---|---|---|
| १. | माध्यमिक | शिक्षाशास्त्र वा सम्बन्धित विषयमा स्नातकोत्तर, तालिम तथा अनुभव | - हस्तलिखित निवेदन<br>- वैयक्तिक विवरण (बायोडाटा)<br>- नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>- शैक्षिक योग्यताका कागजात पत्रहरुको प्रतिलिपि<br>- अध्यापन अनुमति पत्र<br>- अनुभव/नियुक्ति पत्र। |
| २. | आधारभूत | शिक्षाशास्त्र वा सम्बन्धित विषयमा स्नातक, तालिम तथा अनुभव | |
| ३. | अन्य | शैक्षिक योग्यता, तालिम र अनुभव | |

2083.05.16

..................

(हरीश पन्त)

उपसचिव

उपसचिव
गोदावरी नगरपालिका
कैलाली